"समुन्नत इलाम सम्पन्न इलामेली"

इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः ०८१/८२ (शिक्षा, युवा तथा खेलकुद शाखा)
च.नं.: ८६३

भानुपथ, इलाम
कोशी प्रदेश, नेपाल।
मितिः २०८१।०७।२७
ने.सं.: ११४५ कछलाथ्व ११ मंगलवार

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवासम्बन्धी सूचना ।

यो जो जससँग सम्बन्धित छ ।

इलाम जिल्ला इलाम नगरपालिका अन्तर्गत श्री जनता आधारभूत विद्यालय, इलाम १, साखेजुङमा रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाई दिन भनी विद्यालयको च.नं. २२३ मिति २०८१/०७/२१ को पत्रबाट अनुरोध भई आएकोले प्राथमिक तहको लागि योग्यता पुगेका स्थायी शिक्षकहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा आफू कार्यरत रहेको सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना janatabasicschoolilam@gmail.com मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कार्यवाही हुने छैन ।

**<u>बोधार्थः</u>**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, इलाम - ताहाँ कार्यालयको वेभसाइटमा अपलोड गरिदिनु हुन ।

श्री १ नं वडा कार्यालय, इलाम नगरपालिका, इलाम - कार्यालयको सूचना पाटीमा टाँस गरिदिनु हुन ।

श्री जनता आधारभूत विद्यालय, इलाम- १, साखेजुङ - सूचना पाटीमा टाँस गरी विद्यालयको फेसबुक पेजमा अपलोड गर्नुहुन ।

श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम — वेभसाइटमा अपलोड गरिदिनु हुन ।

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत

Phone No.:- ०२७-५२००९७, ०२७-५२००३१, Website:- www.ilammun.gov.np
Email:-info@ilammun@gov.np, mun.ilam@gmail.com